## बैठक संख्याः ४६

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७९।०३।०३ गते शुक्रबार दिउँसो १.०० बजे बसेको बैठकका निर्णयहरुः-

१. नेपालको संविधानद्वारा निर्दिष्ट संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीतिमा दृढ रहँदै अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढाउनु सरकारको जिम्मेवारी भएको स्पष्ट छ। हाले अमेरिकाको राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा नेपालको सहभागिताको विषय सार्वजनिक भएको र यो कार्यक्रम अमेरिकाको हिन्द प्रशान्त रणनीति अन्तर्गत सामरिक विषयसँग गाँसिएको भन्ने समेत कुरा उठीरहेकोले यस्तो कार्यक्रममा नेपालले आफ्नो संलग्नता अघि नबढाउने कुरा औपचारिक रुपमा संयुक्त राज्य अमेरिकालाई जानकारी गराउन नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

२. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाले अमेरिका भ्रमण गर्न लाग्नु भएको भन्ने समेत चर्चा भैरहेको सन्दर्भमा त्यस्तो भ्रमण हुने भएमा देशभित्र अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा संलग्न हुन नहुने भनी व्यापकरुपमा अभिव्यक्त जनमतको प्रतिनिधित्व गर्दै नेपालको असंलग्न स्वतन्त्र परराष्ट्र नीति अनुरुप सर्वोपरी राष्ट्रिय हितमा केन्द्रित रहन नेपाल सरकारलाई निर्देशित गर्ने।

३. राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा आवद्धताका लागि अमेरिकासँग गरिएका सम्पूर्ण काम कारबाही तथा पत्राचार लगायतका कागजातहरु ५ दिन भित्र उपलब्ध गराउन परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र नेपाल सेनालाई लेखी पठाउने।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो।